बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।०७।१२ गते सोमबार बिहान ८:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रैनियार | का.व. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | [signature] |
| २ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| ३ | श्री प्रदिप कुमार काफ्ले | कानूनी सल्लाहकार | |
| ४. | श्री निराजन ओझा | कानून अधिकृत | [signature] |
| ५. | श्री प्रबिन सह | सव-इन्जिनियर | [signature] |
| ६. | श्री निरज चौधरी | सहायक चौथो | [signature] |
| ७. | किरण कुमार चौधरी | कार्यालय सहयोगी | [signature] |

प्रस्तावहरु.

१. प्रस्ताव नं. १ : सडक बोर्ड नेपालको स्वीकृत बजेटबाट योजना छनौट सम्बन्धमा ।

२. प्रस्ताव नं. २ : वडा नं. ६ को सार्वजनिक बाटोको रुपमा कायम भएको जग्गामा अदालतको फैसला वमोजिम अवरोध हटाउने सम्बन्धमा ।

३. प्रस्ताव नं. ३ : विविध ।

निर्णयहरु

निर्णय नं.१

आ.व. २०८१।०८१ मा सडक बोर्ड नेपाल को च.न.४४० मिति २०८१।०६।१३ गतेको पत्र बाट रु ५०,००,००० (पचास लाख मात्र) स्वीकृत भइ आएकोमा नगरपालिका बाट ३०% ले हुने रकम रु २१,४३,०००(एकाइस लाख त्रिचालीस हजार मात्र) आ.व. २०८१।०८२ को समपूरक कोष बाट साझेदारी गरि तपसिलका योजनाहरूमा कार्यन्वयन गर्ने निर्णय गरियो ।

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

तपसिलः

| क्र.स | योजनाको नाम | सडक बोर्ड बाट स्वीकृत रकम रु. | नगरपालिकाको साझेदारी रकम रु. |
|---|---|---|---|
| १. | रामधुनी मन्दिर जाने मूल सडक रामधुनी नगरपालिका वडा नं. ४ सबडिभिजन वन कार्यालय देखि रामधुनी मन्दिर सम्म सडक कालोपत्रे मर्मत | ४३,००,०००/- | १८,४३,०००/- |
| २. | डम्पिङसाइड जाने बाटो स्तरोन्नति रामधुनी नगरपालिका वडा नं.३ | ७,००,०००/- | ३,००,०००/- |
| | जम्मा रकम रू. | ५०,००,०००/- | २१,४३,०००/- |

निर्णय नं.२

प्रस्ताव नं. २ मा छलफल गर्दा अदालतबाट भएका फैसला समेतका कागजातहरू सम्वन्धित पक्षबाट माग गर्ने र ती कागजातहरू आएपछि अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.३(क)

रामधुनी नगरपालिका अन्तरगत छठ माता सेवा समिति द्वारा २०८१ सालको हिन्दुहरूको महान चाड छठ पर्व मनाउने कार्यक्रम रहेको हुँदा उक्त समिति लाई रु २,००,००० (अक्षरेपी दुई लाख मात्र) विविध कार्यक्रम शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.३(ख)

रामधुनी नगरपालिका वडा नं. १ मा रहेको सरस्वती आधारभुत विद्यालयमा भित्ते लेखन कार्य गरेबापत कला आदर्श एण्ड स्क्रिन प्रिन्ट लाई रु ४६,९२५(अक्षरेपी छियालीस हजार नै सय पचिस् रुपैयाँ मात्र) विविध कार्यक्रम शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३(ग)**

थारू कल्याणकारिणी सभा इनरुवा, सुनसरी द्वारा आयोजित मूल आदिवासी थारू समुदायको हक हित अधिकार एवम् सामाजिक कुरीति सम्बन्धको कार्यक्रमका लागि रु २५,०००(अक्षरेपी पचिस् हजार मात्र) विविध कार्यक्रम शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ३(घ)**

श्री सिंगिया रामधुनी ३ शुक्राइत बिशेस तथा देउसी भैलो संस्कृति कार्यक्रम २०८१ कार्यक्रम हुने भएकोले उक्त कार्यक्रममा रु १०,०००(अक्षरेपी दस हजार मात्र) विविध कार्यक्रम शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ३(ङ)**

रामधुनी नगरपालिका आ.व. २०७९।८० खरिद सञ्चालनमा नरहेको रिपर मेसिन र ड्राइ मेसिन श्री जनजागरण कृषक समुह रामधुनी ८ खोरिया बाट माग भइ आएको हुँदा उक्त कृषि उपकरणहरूलाई लागत अनुमान तयार गरि मर्मत गरि मेसिनरी तथा औजार मर्मत तथा सम्भार शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो साथै उक्त उपकरणहरू जनजागरण कृषक समुह रामधुनी ८ लाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३(च)**

रामधुनी नगरपालिका वडा नं. ९ मा उदीयमान युवा नेपाल रामधुनी ९ द्वारा शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा रामधुनी मेयर कप नकआउट फुटवल प्रतियोगिता धुराह खेल मैदानमा सञ्चालन गर्नका लागि उक्त संस्था लाई मेयर कप फुटवल शीर्षक बाट रु ६,००,००० ( अक्षरेपी छ लाख मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

## निर्णय नं. ३(छ)

रामधुनी नगरपालिकामा कार्यरत रहि अवकाश लिनु भएका कर्मचारी हर्षलाल चौधरी को अवकाश सेवा सुविधा बापत हुन आउने रकम रु २२,३७,८२०(अक्षरेपी बाइस लाख सैतिस हजार आठ सय बिस रुपैया मात्र) मध्ये गो.भौ.नं. ९९३,२०७९।१०।१० बाट रु १०,५५,३४०(अक्षरेपी दस लाख पचपन्न हजार तिन सय चालीस रुपैयाँ मात्र) भुक्तानी भएकोमा बाकी रहेको रु ११,७१,८२०(अक्षरेपी एघार लाख एकतहर हजार आठ सय बिस रुपैयाँ मात्र) बाट निजको नाममा रहेको आ.व २०७३।७४ को पेशकी बेरुजु रकम रु ३,९६,०००(अक्षरेपी तिन लाख छियानब्वे हजार मात्र) फर्चैट/असुल भए पश्चात भुक्तानी दिने गरि बाकी रकम रु ७,७५,८२०(अक्षरेपी सात लाख पचतहर हजार आठ सय बिस रुपैयाँ मात्र) नियम अनुसार कर कटाई भुक्तानी दिने निर्णय गरियो।

## निर्णय नं. ३(ज)

रामधुनी नगरपालिकाको आ.व २०८०/०८१ को ठेक्का नं. RMY/NCB/१४/ ०८०/०८१ Shankarbeli paryatan purbadhar nirman को निर्माण कार्यको लागि Dharmaraj Construction, inaruwa-२, sunsari र रामधुनी नगरपालिका बीच मिति २०८०।११।१६ गते भएको सम्झौता बमोजिमको कार्य तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेकोमा १६ औं नगर सभा बाट असोज मसान्त सम्मका लागि म्याद थप गरिएको र हाल सम्म पनि सम्पन्न नभएको हुँदा मिति २०८१।०६।३० गतेको पत्रबाट काम सम्पन्न नहुनुको कारण सहितको स्पष्टिकरण माग गरिएकोमा तहाँ निर्माण व्यवसायीले पेश गरेको स्पष्टिकरण, संशोधित कार्यतालिका र कार्य सम्पन्न गर्ने प्रतिबद्धता पत्र को आधारमा अन्तिम पटकको लागि माघ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. ३(झ)

रामधुनी नगरपालिकाको आ.व २०८०/०८१ को ठेक्का नं. RMY/NCB/१७/ ०८०/०८१ Ramdhuni mandir paryatakiya kshetra nirman(mandap nirman) को निर्माण कार्यको लागि जय माँ काली कन्स्ट्रक्सन , inaruwa-४, sunsari र रामधुनी नगरपालिका बीच मिति २०८१।०१।०६ गते भएको सम्झौता बमोजिमको कार्य तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेकोमा १६ औं नगर सभा बाट असोज मसान्त सम्मका लागि म्याद थप गरिएको र हाल सम्म पनि सम्पन्न नभएको हुदाँ मिति २०८१।०६।३० गतेको पत्रबाट काम सम्पन्न नहुनुको कारण सहितको स्पष्टिकरण माग गरिएकोमा तहाँ निर्माण व्यवसायीले पेश गरेको स्पष्टिकरण, संशोधित कार्यतालिका र कार्य सम्पन्न गर्ने प्रतिबद्धता पत्र को आधारमा अन्तिम पटकको लागि माघ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३(ञ)

रामधुनी नगरपालिका १ नं वडा कार्यालयको च.न ६०७ मिति २०८१।०७।०८ गतेको पत्र बाट वडा नं. १ को ओविशि भवन जाने बाटो ग्रावेल मर्मत तथा शनि मन्दिर अगाडि ग्रावेल मर्मत आवश्यकता अनुसार गरिएकोमा भुक्तानीका लागि सिफारिस भइ आएको हुँदा प्राविधिक मूल्याङ्कन बमोजिमको रकम रु ६१,३१४.६० (अक्षरेपी एकसठ्ठी हजार तिन सय चौध रुपैयाँ साठी पैशा) आ.व.२०८१।०८२ को समपूरक कोष मा विनियोजित रहेको रकम बाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ३(ट)

रामधुनी नगरपालिका वडा नं १ स्थित प्रसन्न टोलको बाटोमा ब्लक बिछ्याउने कार्य अधुरो रहेको हुँदा उक्त कार्यलाई सम्पन्न गर्न प्राविधिक लागत अनुमान बापतको रकम रु ९९,८४२.०६(अक्षरेपी उन्नसय हजार आठ सय बयालीस रुपैयाँ छ पैसा) आ.व.२०८१।०८२ को समपूरक कोष मा विनियोजित रहेको रकम बाट भुक्तानी हुने गरि निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो।

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३(ठ)**

सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको लागि प्रशासन समुहको सहायकस्तर पाँचौ तहमा मिति २०७६।०९।०२ गतेबाट नियुक्त भई यस कार्यालयमा कार्यरत कर्मचारी श्री शभेक्षा पाण्डे श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौको मिति २०७९।०५।२० गतेको निर्णयानुसार जिल्ला दैलेख, नारायणी नगरपालिका कर्णाली प्रदेशमा कामकाज गर्न सरुवा भएकोमा हाल कर्णाली प्रदेशको स्थानीय सेवाको गठन सञ्चालन र सेवाको शर्त सम्वन्धमा व्यवस्थापन गर्न बनेको ऐन,२०८१ को दफा १३६ बमोजिम निज सहायकस्तर पाँचौ कर्मचारी श्री शुभेक्षा पाण्डेलाई जिल्ला दैलेख नारायण नगरपालिका कर्णाली प्रदेशमा नै पदस्थापनका लागि सहमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३(ड)**

रामधुनी नगरपालिकामा झो.पू. क्षेत्रगत कार्यक्रम अन्तर्गत यस न.पा. का विभिन्न वडाहरूमा सञ्चालित झो.पू. हरूको सञ्चालनको लागि सञ्चालनको लागि सहजिकरण तथा प्राविधिक र सामाजिक सङ्गठनात्मक सहयोग गर्नका लागि रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा त्यस संस्था सँग भएको पूर्व सम्झैताका सेवा शर्त सुविधा यथावत सहने गरि गैह्र सरकारी संस्था छनौट तथा परिचालन दिग्दर्शन २०६४ बमोजिम काम गर्ने गरि सम्झौताको म्याद समाप्त भएको मितिले २०८१।०६।२८ देखी २०८२ पैष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३(ढ)**

रामधुनी नगरपालिका बाट मिति २०८०।०२।१६ मा सम्वन्धित उपभोक्ता समितिसँग सम्झैता भई सञ्चालित तपसिल बमोजिमका झोलुङ्गे पुल तथा मल्टि ट्रस ब्रिज निर्माण कार्य सम्पन्न नभएको र उक्त पुलहरूमा लाग्ने फलामे सामग्रीहरू प्राप्त भई पुल निर्माणको काम बाकी रहेको हुँदा तपसिलका पुलहरू निर्माण सम्पन्न गर्न सम्वन्घित उपभोक्ता समितिहरू सँग भएको सम्झैताको म्याद २०८१ पुष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

तपसिलः

| क्र.स | योजनाको नाम,ठेगाना | उपभोक्ता समितिको नाम |
|---|---|---|
| १ | कुम्याही झोलुङ्गे पुल निर्माण सेराखोला, रामधुनी न.पा. वडा नं. २,४ | कुम्याही झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति |
| २ | सेराखोला झोलुङ्गे पुल निर्माण, रामधुनी न.पा. वडा नं. २,८ | सेराखोला सल्टि ट्रस ब्रिज निर्माण सपभोक्ता समिति |

निर्णय नं. ३(ण)

रामधुनी नगरपालिका वडा नं ०६ स्थित टेडि गाउँ बाटो मर्मत तथा स्तरोन्नति कार्य गर्न प्राविधिक लागत अनुमान बापतको रकम रु ८७,१६३.८१(अक्षेरेपी सतासी हजार एक सय त्रिसठ्ठी रुपैयाँ एकासी पैसा मात्र) आ.व.२०८१।०८२ को समपूरक कोष मा विनियोजित रहेको रकम बाट भुक्तानी हुने गरि निर्माण कार्य गर्ने निर्णय गरियो।

निर्णय नं. ३(त)

रामधुनी नगरपालिका वडा नं ०७ दत्तकिच्चा खोलामा बाढीले क्षति पुर्याएको ले उक्त दत्तकिच्चा खोलामा क्षति न्यूनिकरणका लागि बोरा बाध निर्माण गरिएको हुँदा प्राविधिक लागत अनुमान बापतको रकम रु २,४४,३४७.१९(अक्षरेपी दुई लाख चैवालीस हजार तिन सय सडचालिस रुपैयाँ उन्नाइस पैसा मात्र) आ.व.२०८१।०८२ को विपद व्यवस्थापन कोष मा विनियोजित रहेको रकम बाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ३(थ)

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर बाट आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कोशी प्रदेशका स्थानीय तहहरूमा विभिन्न जातजातिका समाधिस्थल, कब्रस्थान र घाटहरू स्थानीय तहको साझेदारीमा निर्माणका लागि मिति २०८१।०७।१३ गते भित्र प्रस्ताव पेश गर्ने सूचना आव्हान गरिएको हुँदा रामधुनी नगरपालिका वडा नं. ७ स्थित सेउती खोला को किनारामा घाट निर्माण को लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

बैठक संख्या: २०।२०८१
बैठक मितिः२०८१।०७।१२ बिहान ८:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. ३(द)

रामधुनी नगरपालिका वडा नं. ५ स्थित भमरी चौक देखी थारू कल्याणकारी को गेट सम्मको बाटोलाई जोत्ने सम्याउने र रोलर लगाई मर्मत गर्न प्राविधिक लागत अनुमान तथा गरि मर्मत सम्भार कोष बाट भुक्तानी हुने गरि मर्मत कार्य गर्ने निर्णय गरियो।

निर्णय नं. ३(ध)

रामधुनी नगरपालिका ९ नं वडा कार्यालयको च.न. ५२१ मिति २०८१।०६।२९ गतेको प्राप्त पत्रानुसार रामधुनी नगरपालिका वडा नं. ९ को मिति २०८१।०६।२३ गतेको वडा बैठकको निर्णय भए बमोजिम सङ्घीय सरकारबाट हस्तान्तरित योजना अन्तर्गत सामुदायिक भवन निर्माण कार्यका लागि विनियोजित रकम रु १०,००,०००(अक्षरेपी दस लाख मात्र) सामुदायिक भवन बनाउन उचित स्थान नभएको र सो योजना बापतको रकम र नगर सभा बाट विनियोजित रकम रु ५,००,०००(अक्षरेपी पाच लाख मात्र) जम्मा गरि १५,००,००० (अक्षरेपी पन्ध्र लाख मात्र) ९ नं. वडा कार्यालयको थप माथिल्लो तल्ला निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ३(न)

रामधुनी नगरपालिका अन्तर्गत प्राविधिक शाखामा कार्यरत असिस्टेन्ट सव. ईन्जिनियर कर्मचारीहरूको सेवाकालीन तालिममा छनोट भएको हुँदा निजहरूलाई तालिममा सहभागि गराउने निर्णय गरियो।

निर्णय नं. ३(प)

रामधुनी नगरपालिका अन्तर्गत NCDC संस्थाको साझेदारीमा सञ्चालन हुने Induction चुलो प्रति परिवार रु. १००० (अक्षरेपी एक हजार मात्र) का दरले रामधुनी नगरपालिका अन्तर्गत सबै वडामा दिने साथै हाल वडा नं. २ मा १०० थान Induction चुलो वितरण भइसकेकोले रू. १०००००(अक्षरेपी एक लाख मात्र) विविध शीर्षक बाट विनियोजन गर्ने निर्णय गरियो ।

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३(फ)**

आ.व. ०७७।०७८ मा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयवाट स्वीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत रामधुनी नगरपालिका वडा नं.-६,बक्लौरी स्वास्थ्य चौकी स्तरोन्नतिका लागि १५ शैय्याको प्राथमिक अस्पताल निर्माणको लागि श्री भुमि-बुद्ध-ओम बुद्ध जे.भी., विराटनगर मोरंग (श्री भुमि ईन्फ्रास्ट्रक्चर प्रा.लि.विराटनगर, मोरङ्ग, श्री बुद्ध कन्स्ट्रकसन प्रा.लि., काठमाण्डौं, श्री ओम बुद्ध ईन्जिनियरिङ्ग प्रा.लि., भिमेश्वर-७ दोलखा ) सँग मिति २०७८।०७।०१ गते ठेक्का नं. RMY/NCB/BUILDING/07-077/078 (Construction of Primary Hospital (15-Bed) at Ramdhuni Ward-6) निर्माण कार्यको ठेक्का सम्झौता भई मिति २०८०।९।२७ गतेको रामधुनी नगरपालिका, नगर कार्यपालिकाको वैठकको निर्णय नं. ९ वाट निर्णय भए वमोजिम २०८०।०९।२७ गतेवाट लागु हुने गरी अन्त्य गरिएकोमा भुमि-बुद्ध-ओम बुद्ध जे.भी ले यस नगरपालिकामा मध्यस्थता नियुक्ति गरि विवाद समाधान गर्ने आसयको पत्र प्राप्त भएकोले उच्च अदालत पाटनले समेत ठेक्का अन्त्य गरि कालो सुचीमा राख्ने निर्णय लाई मुद्दाको रोहमा जायजै ठहर गरि फैसला गरि सकेको अवस्थामा ठेकदार पक्षबाट हाल आएर मध्यस्थता बाट विवाद समाधान गर्न परेको निवेदन बमोजिम मध्यस्थता नियुक्ति गर्न र विवाद समाधान गर्न मिल्ने हो हैन त्यो सम्वन्धका कानुनी प्रावधान, बैधताको आधार र प्रकृया सहित को राय मध्यस्थता सम्वन्धी विशेषज्ञ वाट लिने निर्णय गरियो।

**निर्णय नं. ३(ब)**

रामधुनी नगरपालिका वडा नं. ५ को गोरिया स्मृति टोल विकास संस्था मा उपभोक्ता समिति मार्फत नगरपालिकाको लगानीमा सडक तथा नाला निर्माण भएको तथा यसरी राज्यको लगानीमा भएको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्त्व नगरपालिकाको भएकोले हाल त्यस सडकमा भएको अवरोध हटाई सडक खाली गरी सार्वजनिक प्रयोजनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ३(भ)**

रामधुनी नगरपालिका वडा नं. ३ र ५ को सिमानामा मा पर्ने लायन्स चौक र रामधुनी नगरपालिका वडा नं. ३ र वडा नं. ५ को सिमाना परिहारपुर चौक मा ४ पिस भएको टावर भेपर लाइट जडान गर्ने निर्णय गरियो ।

बैठक संख्या: २०।२०८१
बैठक मिति:२०८१।०७।१२ बिहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३(म)**

बराहक्षेत्र न.पा. द्वारा आयोजित पालिका स्तरीय पुरूष भलिबल प्रतियोगिता २०८१।०६।१० गते बाट सञ्चालन भएको र उक्त प्रतियोगितामा सहभागि भई रामधुनी नगरपालिकालाई प्रतिनिधित्व गरि जाने खेलाडीका लागि सहयोग बापतको रकम रु २५०००(अक्षरेपी पचिस हजार मात्र) खेलकुद शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३(य)**

रामधुनी नगरपालिका वडा नं. २ तित्रिवन बस्ने प्रदिप मरिक मिति २०८१।०४।२३ गते देखी ज्यालादारीको रुपमा सरसफाइकर्मीभई काम गर्दै आएका श्री प्रदिप मरिक लाई दैनिक ज्यालादारीको ज्याला उपलब्ध गराउने निर्णय गरियो ।